# गाउँ कार्यपालिकाको कार्यालय

लामाखेत, पर्वत

गण्डकी प्रदेश, नेपाल

## जलजला गाउँपालिका, गाउँकार्यपालिकाको ११२ औं वैठक

अध्यक्षता:- वैठक संख्या:- ०८ - ०७८/७९

अध्यक्ष श्री राजु प्रसाद आचार्य, जलजला गाउँपालिका लामाखेत पर्वत । मिति:- २०७९/०२/२४

वैठकको उपस्थिति, प्रस्ताव तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिती:-

| क.सं. | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री राजु प्रसाद आचार्य | अध्यक्ष | ९८५७६४६१०० | |
| २ | श्री दिपक आचार्य | उपाध्यक्ष | ९८५७६४७१०० | |
| ३ | श्री जक बहादुर रोका | १ नं. वडा अध्यक्ष | ९८६४४८७०५१ | |
| ४ | श्री प्रकाश बहादुर घर्ती क्षेत्री | २ नं. वडा अध्यक्ष | ९८६७६३९०७३ | |
| ५ | श्री एकिन्द्र खत्री | ३ नं. वडा अध्यक्ष | ९८४७७१८२८३ | |
| ६ | श्री भरत बहादुर क्षेत्री | ४ नं. वडा अध्यक्ष | ९८४१४९३२६१ | |
| ७ | श्री तिलक बहादुर जि.सी. | ५ नं. वडा अध्यक्ष | ९८५७६२९६३२ | |
| ८ | श्री बल बहादुर पुर्जा पुन | ६ नं. वडा अध्यक्ष | ९८५७६२५३८२ | |
| ९ | श्री टुंङ्गनाथ आचार्य | ७ नं. वडा अध्यक्ष | ९८४७६३४५५१ | |
| १० | श्री हरी विकास जि.सी. | ८ नं. वडा अध्यक्ष | ९८५७६२२६५६ | |
| ११ | श्री गौ बहादुर पुर्जा | ९ नं. वडा अध्यक्ष | ९८४७६७३२१९ | |
| १२ | श्री बिमला बरुवाल के.सी. | कार्यपालिका सदस्य | ९८६४३८२७७८ | |
| १३ | श्री सुनिता क्षेत्री खत्री | कार्यपालिका सदस्य | ९८६७८८६९०६ | |
| १४ | श्री बवि सुवेदी | कार्यपालिका सदस्य | ९८४७६६८९२६ | |
| १५ | श्री माया कुमारी भुसाल | कार्यपालिका सदस्य | ९८४७६६९४८० | |
| १६ | श्री भिमसेन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ९८५७६४०७१० | |
| १७ | श्री भिम बहादुर दमै | कार्यपालिका सदस्य | ९८०८२५४३१५ | |
| १८ | श्री राजेन्द्र बहादुर क्षेत्री | सचिव | ९८५७६२२३७७ | |

अन्य उपस्थिती:-

| क.सं. | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री लिलाधर सुवेदी | सा.वि. अधिकृत | ९८५७६२३८५२ | |
| २ | श्री प्रताप शर्मा | अधिकृत | ९८४६१४२९०० | |
| ३ | श्री रमेश आचार्य | सहायक | ९८४९४८५२२३ | |

## प्रस्ताव तथा निर्णयहरु:

१. **धन्यवाद ज्ञापन तथा शुभकामना आदान-प्रदान सम्वन्धमा:** संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको स्थापना पश्चात स्थानीय तहको दोस्रो आवधिक निर्वाचनको रुपमा मिति २०७९।०१।३० मा सम्पन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ मार्फत आफूमा निहित सार्वभौम, स्वायत्त र स्वशासनको अधिकारको प्रयोगद्धारा हामीहरुलाई विजयी गराई गाउँकार्यपालिका सञ्चालनको अभिभारा सुम्पिनुहुने सम्पूर्ण जलजलावासी जनताहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रचलित कानून बमोजिम समन्वय र सहकार्य गरी जनसेवा र जनआकांक्षा पुरा गर्दै समृद्ध जलजला निर्माण गर्ने हामी सवैको साझा लक्ष्य हासिल गर्ने दिशामा हाम्रा काम कारवाही अगाडि बढाउनका लागि सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु विच हार्दिक वधाई सहित सफल कार्यकालको लागि शुभकामना आदान-प्रदान गर्ने निर्णय गरियो ।

२. **न्यायिक समिति गठन सम्वन्धमा:** नेपालको संविधान २०७२ को धारा२१७ मा भएको ब्यवस्था बमोजिम यस जलजला गाउँपालिकाको न्यायिक समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरीयो ।

स्थानीय न्यायिक समितिको गठन:

| क्र.सं. | पद | नामथर | पदाधिकारी/सदस्य | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | श्री दिपक आचार्य | संयोजक | |
| २ | ७ नं. वडा अध्यक्ष | श्री टुङ्गनाथ शर्मा | सदस्य | |
| ३ | कार्यपालिका सदस्य | श्री सुनिता क्षेत्री खत्री | सदस्य | |
| ४ | सम्वन्धित शाखाको प्रमुख | | सदस्य सचिव | |

३. **योजना तर्जुमा सम्वन्धमा:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ७१ बमोजिम आगामी आ.व. २०७९/८० का लागि राजस्व र ब्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र गाउँसभामा पेश गर्नुपर्ने भएकोमा, संघीय सरकारवाट बजेट विनियोजन भै सकेको र प्रदेश सरकारको बजेट पारित हुने क्रममा रहेकोले यस गाउँपालिकाले समेत संघ तथा प्रदेश सरकारवाट प्राप्त हुने रकम र स्थानीय श्रोत समेतका आधारमा गाउँपालिकाको आयब्ययको विवरण तयार गर्न गाउँ टोल तथा वस्ती स्तरवाट नियमानुसार योजना तर्जुमाको प्रकृया शुरु गरी मिति २०७९ जेठ मसान्त भित्र गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरीयो।

४. **सूचना प्रविधि अधिकृतको पदपूर्ति सम्वन्धमा:** यस कार्यालयमा रिक्त सूचना प्रविधि अधिकृतपद संख्या १ (एक) सेवा करारमापदपूर्तिका लागि प्रचलित कानून बमोजिम प्रकृया अगाडि बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो।

५. **जनप्रतिनिधि तथा कर्मचारीको काम कर्तब्य र अधिकार तथा आचरण र अनुशासन सम्वन्धमाः** जलजला गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कार्यालयमा कार्यरत कर्मचारीहरुले प्रचलित ऐन कानून अनुसार महत्वपूर्ण भूमिकानिर्वाह गर्नुपर्नेमा तोकिएको भूमिका र बहन गर्नुपर्ने जिम्मेवारी पूरा नगरेमा त्यसवाट गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रत्यक्ष असर पर्न जाने तथा जनप्रतिनिधि तथा कर्मचारी आचारसंहिता आचरण र अनुशासन पालना नगरेमा त्यसवाट समग्र गाउँपालिकाको छवीमा आच पुग्न जाने हुँदा असल आचरण र अनुशासनमा रही आ-आफ्नो पद अनुसारको भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्ने/गराउने निर्णय गरियो ।

६. **ब्याक हु लोडर खरिद सम्वन्धमाः** गाउँपालिकाका केन्द्र देखि सवै वडाहरु जोड्ने मुख्य सडकहरु वर्षा याममा पहिरोको कारण अवरुद्ध हुने र आवतजावतमा कठिनाइ पैदा भएकोले त्यसको तत्कालै समाधानका लागि गाउँपालिकाले १ थान ब्याक हु लोडर खरिद गरी सडक सफाइ कार्यमा प्रयोग गर्ने निर्णय गरीयो ।

७. **मेसिन उपकरण तथा फर्निचर खरिद सम्वन्धमाः** जनप्रतिनिधि र कर्मचारीहरुलाई कार्यालयको कार्य प्रकृति र आवश्यकता अनुसारमेसिन उपकरण फर्निचर सवारी साधन र अन्य सुविधा उपलब्ध गराउन कार्यालयमा मौजुदा सामग्री नपुग हुन गएमा श्रोतको उपलब्धताका आधारमानियमानुसार खरिद गर्ने निर्णय गरियो ।

८. **सेवा प्रवाह छिटो छरितो प्रविधियूक्त र गुणस्तरिय वनाउने सम्वन्धमाः** नवनिर्वाचित जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुलाई सेवा प्रवाह गर्दा आवश्यक पर्ने ज्ञान सिप र क्षमता विकास गर्दै कर्मचारी मनोवल र उत्प्रेरणालाई समेत ख्यालराखी सेवा प्रवाहलाई नविनतम प्रविधिको प्रयोगको माध्यमवाट छिटो छरितो गुणस्तरिय र प्रभावकारी गराउन सवैले आ-आफ्नो स्थानवाट पहल गर्ने र गाउँपालिका कार्यालय, अन्तर्गतका शाखा, वडा कार्यालय र सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको स्थितिको मूल्याङ्कन गरी उपयूक्त स्थानमा उपयूक्त कर्मचारीको ब्यवस्थापन गर्न जिम्मेवारी हेरफेर गर्ने, कार्यचाप भएको शाखा र वडा कार्यालयमा न्यून कार्यचाप हुने शाखावाट थप जनशक्ति पठाउने र प्राविधिक कर्मचारीहरुलाई कार्यक्षेत्र तोकिएको वडा कार्यालयमा हाजिर हुने ब्यवस्था मिलाउने निर्णय गरियो ।